# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०६।०१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, बागमती काठमाण्डौंमा कार्यरत लेखापाल जनक कुमारी रिजालले हिनामिना गरेको राजश्व रकम असुली सम्बन्धमा आवश्यक कारवाही गरी पाउँ भन्ने व्यहोराको यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, बागमतीको पत्रका सम्बन्धमा अनुसन्धान हुँदा निजले संकलन गरेको रु. २३,७३,०००/- (तेईस लाख त्रिहत्तर हजार) राजश्व रकम कानूनले निर्धारण गरे अनुरुप कार्यालयको खातामा बैंक दाखिला नगरी राजश्व चुहावट गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई सोही ऐनको दफा ७ बमोजिम जरिवाना गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम हदैसम्म सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ।

साथै स्याकार ट्रेडिङ कम्पनी प्रा.लि. काठमाण्डौंमा कार्यरत दिनेश बोहरा र ठाकुर के.सी.ले लेखापाल जनक कुमारी रिजाललाई उक्त कसूर गर्न सहयोग गरी मतियारको भूमिका खेलेको पुष्टी हुन आएकोले निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसूर गरेको पुष्टी हुन आएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ३(१) तथा दफा ३(१) को देहाय (च) ले हुने सजायमा ऐ दफा २२ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता